नेपाल सरकार
अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं
मिति २०८३/०४/२९

सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

यस विभागको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम एक वर्ष अवधिको लागि देहाय अनुसारको सुरक्षा र सरसफाई सम्बन्धी सेवा खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म, संस्था, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस विभागको सामान्य प्रशासन शाखाबाट दरभाउपत्र खरिद गरी ८ औं दिन दिनको १२:०० बजे सम्म पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। दरभाउपत्र पाइने स्थान, दस्तुर, पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस विभागको website: www.ird.gov.np र सूचना पाटीमा समेत राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

क्र.सं.	ठेक्का नं.	कामको विवरण	दरभाउपत्र फाराम दस्तुर	जमानत बापतको रकम	कैफियत
१.	IRD/SQ/G/2083-84/01	सुरक्षा सेवा खरिद सम्बन्धी	रु.१,०००।-	रु.३५,०००।-	
२.	IRD/SQ/G/2083-84/02	सरसफाई सेवा खरिद सम्बन्धी	रु.१,०००।-	रु.३२,०००।-	

दरभाउपत्र फाराम लिने तथा बुझाउने स्थानः आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं।
दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मितिः २०८३ भाद्र ४ गते बिहिबार कार्यालय समयभित्र ।
दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मितिः २०८३ भाद्र ५ गते शुक्रबार दिनको १२:०० बजेभित्र ।
दरभाउपत्र खोल्ने मिति र समयः २०८३ भाद्र ५ गते शुक्रबार दिनको १४:०० बजे।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

सुरक्षा सेवा खरिदका लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना
(प्रथम पटक सूचना प्रकाशित भएको मिति:२०८३।०४।२९)
ठेक्का नं. IRD/SQ/G/2083-84/01

१. नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, योग्य दरभाउपत्रदाताहरूबाट राष्ट्रिय स्तरको खुल्ला दरभाउपत्र प्रक्रिया अन्तर्गत, एक वर्ष अवधीको लागि कार्यालय सुरक्षा सेवा खरिद गर्न यो दरभाउपत्र आह्वान गर्दछ ।

२. योग्य दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कागजातहरु आन्तरिक राजस्व विभाग, लाजिम्पाटबाट सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिनको कार्यालय समय भित्र लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८१।०८२ को कर चुक्ता प्रमाण पत्र र दरभाउपत्र सम्बन्धी कागजात वापतको दस्तुर **रु.१,०००।- (अक्षरेपी- एक हजार रुपैँया मात्र, फिर्ता नहुने गरी)** यस विभागको राष्ट्रिय वाणिज्य बैंक लि., ठमेलस्थित राजस्व खाता नं. **१०००१००२०००१०००००**, कार्यालय कोड नं. **३०५०४३५०१**, राजस्व शीर्षक नं. **१४२२९** मा रकम दाखिला गरेको भौचर पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी गरिएको दरभाउपत्र आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८(आठ) औं दिनको १२:०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त र रीत नपुगेको दरभाउपत्र स्वीकार गरिनेछैन ।

४. तोकिएको समयभित्र पेश भएका दरभाउपत्रहरु उपस्थित हुन चाहेका दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस विभाग, लाजिम्पाटमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनको २:०० बजे खोलिनेछ ।

५. दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ (पैतालिस) दिनसम्मको लागि दरभाउपत्र मान्य हुनेछ ।

६. दरभाउपत्रको साथ **रु.३५,०००।- (अक्षरेपी- पैतीस हजार रुपैँया मात्र)** दरभाउपत्र जमानत बापत को.ले.नि.का. लैनचौरको धरौटी खाता नम्बर **११००१००१०२०३०००००**, कार्यालय कोड नम्बर **३०५०४३५०१** मा जम्मा गरेको सक्कल भौचर (दोश्रो प्रति) वा मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट आन्तरिक राजस्व विभागको नाउँमा जारी भएको विड सेक्युरिटी पत्र पेश गर्नु पर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य हुने अवधिभन्दा कम्तिमा पनि ३० (तीस) दिन बढी हुनु पर्नेछ ।

७. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिने छ ।

८. दरभाउपत्र फाराम पेश गर्दा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र र सरकारी निकाय वा संस्थाहरुमा विगत १ (एक) वर्ष सुरक्षा सेवा प्रदान गरेको कार्य अनुभव प्रमाण र दरभाउपत्र सम्बन्धी कागजातमा उल्लिखित शर्तहरु बमोजिमका आवश्यक प्रमाणपत्रहरु पेश गर्नुपर्नेछ ।

९. दरभाउपत्र प्रस्ताव स्वीकृत भएको फर्म वा संस्थाले दरभाउपत्रमा उल्लेख भए अनुसारको गुणस्तरीय सेवा यस विभागको आवश्यकता बमोजिम आपूर्ति गर्नु पर्नेछ ।

१०. दरभाउपत्रदाताले SOR (Specification of Requirements) मा उल्लिखित सम्पूर्ण सेवाहरुका लागि कबोल अंक उल्लेख गर्नुपर्नेछ । आंशिक रुपमा उल्लिखित कबोल रकमलाई स्वीकार गरिने छैन ।

११. कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहनेछ ।

१२. यो सूचना र दरभाउपत्र सम्बन्धी कागजातमा स्पष्ट नभएका विषयहरु प्रचलित कानून तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

आन्तरिक राजस्व विभाग, सामान्य प्रशासन शाखा

टेलिफोन नं. ०१-५९७००८१/ website: www.ird.gov.np मा पनि हेर्न सकिनेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

सरसफाई सेवा खरिदका लागि सिलबन्दी दरभाउपत्र आव्सनको सूचना
(प्रथम पटक सूचना प्रकाशित भएको मिति:२०८३।०४।२९)
ठेक्का नं. IRD/SQ/G/2083-84/02

१. नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, योग्य दरभाउपत्रदाताहरूबाट राष्ट्रिय स्तरको खुल्ला दरभाउपत्र प्रक्रिया अन्तर्गत, एक वर्ष अवधीको लागि कार्यालय सरसफाई सेवा खरिद गर्न यो दरभाउपत्र आह्वान गर्दछ ।

२. योग्य दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कागजातहरु आन्तरिक राजस्व विभाग, लाजिम्पाटबाट सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिनको कार्यालय समय भित्र लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८१।०८२ को कर चुक्ता प्रमाण पत्र र दरभाउपत्र सम्बन्धी कागजात वापतको दस्तुर **रु.१,०००।- (अक्षरेपी- एक हजार रुपैँया मात्र, फिर्ता नहुने गरी)** यस विभागको राष्टि☐वाणिज्य बैंक लि., ठमेलस्थित राजस्व खाता नं. **१०००१००२०००१०००००**, कार्यालय कोड नं. **३०५०४३५०१**, राजस्व शीर्षक नं. **१४२२९** मा रकम दाखिला गरेको भौचर पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी गरिएको दरभाउपत्र आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८(आठ) औं दिनको १२:०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त र रीत नपुगेको दरभाउपत्र स्वीकार गरिनेछैन ।

४. तोकिएको समयभित्र पेश भएका दरभाउपत्रहरु उपस्थित हुन चाहेका दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस विभाग, लाजिम्पाटमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनको २:०० बजे खोलिनेछ ।

५. दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ (पैतालिस) दिनसम्मको लागि दरभाउपत्र मान्य हुनेछ ।

६. दरभाउपत्रको साथ **रु.३२,०००।- (अक्षरेपी- बत्तिस हजार रुपैँया मात्र)** दरभाउपत्र जमानत बापत को.ले.नि.का. लैनचौरको धरौटी खाता नम्बर **११००१००१०२०३०००००**, कार्यालय कोड नम्बर **३०५०४३५०१** मा जम्मा गरेको सक्कल भौचर (दोश्रो प्रति) वा मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट आन्तरिक राजस्व विभागको नाउँमा जारी भएको विड सेक्युरिटी पत्र पेश गर्नु पर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य हुने अवधिभन्दा कम्तिमा पनि ३० (तीस) दिन बढी हुनु पर्नेछ ।

७. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिने छ ।

८. दरभाउपत्र फाराम पेश गर्दा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र र सरकारी निकाय वा संस्थाहरुमा विगत १ (एक) वर्ष सरसफाई सेवा प्रदान गरेको कार्य अनुभव प्रमाण र दरभाउपत्र सम्बन्धी कागजातमा उल्लिखित शर्तहरु बमोजिमका आवश्यक प्रमाणपत्रहरु पेश गर्नुपर्नेछ ।

९. दरभाउपत्र प्रस्ताव स्वीकृत भएको फर्म वा संस्थाले दरभाउपत्रमा उल्लेख भए अनुसारको गुणस्तरीय सेवा यस विभागको आवश्यकता बमोजिम आपूर्ति गर्नु पर्नेछ ।

१०. दरभाउपत्रदाताले SOR (Specification of Requirements) मा उल्लिखित सम्पूर्ण सेवाहरुका लागि कबोल अंक उल्लेख गर्नुपर्नेछ । आंशिक रुपमा उल्लिखित कबोल रकमलाई स्वीकार गरिने छैन ।

११. कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहनेछ ।

१२. यो सूचना र दरभाउपत्र सम्बन्धी कागजातमा स्पष्ट नभएका विषयहरु प्रचलित कानून तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

आन्तरिक राजस्व विभाग, सामान्य प्रशासन शाखा

टेलिफोन नं. ०१-५९७००८१/ website: www.ird.gov.np मा पनि हेर्न सकिनेछ ।